प्रमाणिकरण गर्नेको दस्तखत

नाम - श्री राजेश राय यादव

पद - नगर प्रमुख

मिति - २०७८/०३/१०


# कलैया उपमहानगरपालिका

## सातौ नगरसभा २०७८

# आ.ब. ०७८/०७९ को

# नीति तथा कार्यक्रम र बजेट बक्तब्य

# कलैया उपमहानगरपालिकाको वडागत नक्शा



# बजेट बक्तब्य

१. कलैया उप–महानगरपालिकाकानगर प्रमुख एवं सातौं नगरसभाका सभाध्यक्ष महोदय, नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यूहरु र नगरसभाका सम्पूर्ण सदस्यज्यूहरुमा सर्वप्रथम हार्दिक स्वागत गर्दछु । यस नगरसभामा नीति तथा कार्यक्रम र बजेट सम्मानित सभामा प्रस्तुत गर्न पाउदा मैले आफुलाई हर्षित एवं गौरवान्वित महशुस गरिरहेको छु ।

२. आजको यो अवसरमा नेपाली जनताको स्वतन्त्रता, लोकतन्त्र, शान्ती र स्थायीत्व प्राप्तीको लागी बिभिन्न काल खण्डमा लोकतन्त्र स्थापना मार्फत आफ्ना अधिकारहरु प्राप्तीका लागी भएका प्रजातान्त्रिक आन्दोलनहरु एवं मधेश आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाइते नागरीक प्रति शिघ्र स्वास्थ्य लाभको कामना सहित सम्मान प्रकट गर्दछु । त्यसैगरी राष्ट्रियता, स्वाधीनता, लोकतन्त्र, सामाजिक न्याय, समानता र समृद्धिको लागि संघर्ष गर्नु भएका, आम नेपाली नागरिक र त्यसको सक्षम नेतृत्व गर्नुहुने राजनीतिक अग्रजहरु प्रति आभार प्रकट गर्दछु ।

३. नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएकोले संघ, प्रदेश र स्थानीय तीन वटै तहले संबिधानबाट प्राप्त अधिकारहरुको प्रयोग गर्दै मुलुकमा दिगो शान्ति, सुशासन, बिकास र संमृद्धिको आकाँक्षा पुरा गर्न प्रतिबद्ध भएर तीन वटै  तह लागी परेका छन् । तीन वटै तह मध्ये जनताहरुको सिधा-प्रत्यक्ष सम्बन्ध रहेको सरकार नै स्थानीय तह हो ।स्थानीय सरकार जनताको सबै भन्दा नजिकको सरकार हो । स्थानीय तहबाट प्रवाह गरिने सेवा र विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं नतिजामुखी वनाई स्थानीय शासन प्रक्रियालाई जनमुखी, जवाफदेही, पारदर्शी, उत्तरदायी, समावेशी र सहभागितामूलक बनाउदै लैजाने, उपलब्ध श्रोत र साधनको उच्चतम व्यवस्थापन एवंम परिचालन गर्दै तीव्र शहरीकरणको व्यवस्थापन तर्फसिङ्गो उप–महानगरपालिका सदैव सचेत रहँदै आएको छ । साथै अब्यवस्थित शहरीकरणबाट उत्पन्न हुने जटिलता र समस्यालाइ पनि संग संगै दिर्घकालिन तवरले ब्यवस्थापन गर्न समेत चनाखो रहदै आएको छ।

४. आ.ब. ०७७/०७८ को तेश्रो चौमासिकको पुर्वाद्धमा बिश्व ब्यापी माहामारीको रुपमा फैलिएको नोबल कोरोना भाईरस (कोभिड– १९) को दोश्रो चरणको चपेटामा परिरहेको चुनौतीपुर्ण अवस्थामा लाखौ मानिसहरुले ज्यान गुमाइसकेका छन् र लाखौ मानिसहरु उक्त महामारीबाट संक्रमित छन् । यस महामारीबाट संक्रमित भइ नेपाल र बिदेशमा ज्यान गुमाउनु हुने नेपाली तथा अन्य मित्र राष्ट्रका नागरिकहरुका शोकाकुल परिवारजनप्रति गहिरो संबेदना ब्यक्त गर्दछु  साथै संक्रमित भई उपचाररत रहनु भएका सम्पुर्ण दिदीबहिनी तथा दाजु भाइको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।साथै यस्तो बिषम परीस्थीतीमा अहोरात्र खटनुहुने जनप्रतिनिधी, राष्ट्रसेवक कर्मचारी, सुरक्ष कर्मि, स्वास्थ्य कर्मि, संचार कर्मि, महिला स्वास्थ्य स्वंम सेविका, नागरीक समाज, सरसफाइ कर्मि लगायत अन्य सहयोगी मनहरु प्रति सम्मान प्रकट गर्न चाहन्छौं ।

५. संक्रमण रोकथाम तथा नियन्त्रणको लागि जारी भएको देशब्यापी लकडाउनका कारण देश ब्यापी एवं यस उप-महानरपालिकाको अर्थ ब्यवस्थामाथि  गम्भिर धक्का पुऱ्याएको छ । दिगो बिकास,

सेवा प्रवाह र बिकास निर्माणको लक्ष्य प्राप्तीमा ठूलो व्यवधान खडा भएको छ ।यसलाई समेत मध्यनजर राखी सातौं नगर सभामा प्रस्तुत नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गरिएको छ ।

६. प्रस्तुत नीति तथा कार्यक्रम रबजेट नेपालको संविधान २०७२ का मार्ग निर्देशक सिद्धान्त तथा विकास नीति, स्थानीय सरकार संचालन ऐन, २०७४, योजनाका लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति एवं स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित), न्यूनतम शर्त तथा सम्पादन कार्यविधि, २०६६, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं राष्ट्रिय योजना आयोगबाट प्राप्तमार्गदर्शन र निर्देशन तथा नेपाल सरकार र प्रदेश सरकारबाट समय-समयमा जारी भएका परिपत्रहरु तथा नीतिगत मार्गदर्शनको सीमा भित्र रही अगामी आ.ब. ०७८/०७९ कोनीति तथा  कार्यक्रम र बजेट तयार गरिएको छ । साथै यस उपमहानगरपालिकाको आवश्यक्ता, यहाको जनताको चाहनालाइ यस नीति तथा कार्यक्रममा आत्मसात गरीएको छ ।

७. आर्थिक वर्ष ०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र सम्भावित अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित हुनु पर्छ भन्ने कुरामा म विश्वस्त छु । अतः अगामी आ.ब.को नीती तथा कार्यक्रम र बजेटतर्जुमा गर्दा स्थानीय जनसहभागिता, सामाजिक समावेशीकरणको माध्यमद्वारा समुदायको सशक्तिकरण,रोजगारीको अवसरमा अभिबृद्धि, गरिबी न्यूनीकरण, आधारभुत स्वास्थ्य सेवाको पहुँचमा विस्तार, स्थानीय पूर्वाधार सेवाको विस्तार, सेवा प्रवाहमा सरलीकरण, सुशासन, पारदर्शिता र जवाफदेहिता एवं सूचना मैत्री विकास प्रशासनलाई उच्च प्राथमिकता दिईएको छ ।त्यस्तै योजना तर्जुमा र कार्यान्वयन गर्दा प्रत्येक वडा भेलाहरुबाट प्राथमिकताको आधारमा सिफारिस भई आएका र वडा समितिवाट प्राथमिकीकरणमा राखी छनौट भएका कार्यक्रम तथा योजनाहरुलाई उपलब्ध श्रोतसाधन र स्थानीय आवश्यकता अनुसार कार्यान्वयन गरिनेछ ।

८. **"तपाईले तिरेको कर तपाईकै नगरको विकासका लागि"**भन्ने मूल ध्येयका साथ कर संकलन र करदाता वृद्धि कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । यसका लागि करदाता मैत्री प्रशासनमा जोड दिई सचेतना मूलक कार्यक्रम, सूचना सम्प्रेषण, करदाता घरदैलो कार्यक्रम र करदाता मैत्री व्यवहारको विकासमा जोड दिइनेछ । यस्ता कार्यक्रम संचालन गर्दा सम्पूर्ण नगरवासीहरुको तर्फवाट सद्भाव र सहयोग प्राप्त हुने विश्वास लिएको छु । ब्यवसाय, उधोग र फर्म दर्ता अभियानका रुपमा गरीनेछ ।

९. कलैया उप-महानगरपालिका क्षेत्रमा योजना तथा कार्यक्रम संचालनमा महिला, बालबालिका, आदिवासीजनजाति, आर्थिक तथा सामाजिक रुपमा पिछडिएका वर्ग तथा क्षेत्र, ज्येष्ठ नागरिक, दलित, फरक क्षमता भएका व्यक्तिहरु, मधेशी, मुस्लिम तथा पिछडा वर्ग, लैगिक अल्पसंख्यक आदिको विकास र उत्थानका निम्ति विशेष जोड दिइएकोले प्रस्तुतनीति तथा कार्यक्रम र बजेट सो लक्ष्य प्राप्तिमा समेत उपयोगी सिद्ध हुने विश्वास लिएको छु ।

१०. कलैया उपमहानगरपालिकालाई समृद्ध उप-महानगरपालिकाको रुपमा रुपान्तरण गर्नको लागि बिगतका असल अभ्यासहरुलाई निरन्तरता दिदैं पूर्वाधार विकासलाई कृषिक्षेत्रको व्यवसायिकरणसँग आवद्ध गराउने, शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई जस्ता मानव बिकासका क्षेत्रमा लगानी बढाउने र दैनिक प्रशासन लगायत विकासका सबै प्रक्रियामा सुशासनका आधारभूत मान्यतालाइ

संस्थागत गर्न यस उप-महानगरपालिकाको आगामी आ.व. २०७८/०७९ को लागि तपशिल बमोजिम लक्ष्य, उदेश्य, प्राथमिकता र क्षेत्रगत नीति  प्रस्तुत गरेको छु ।

## लक्ष्य

समृद्ध कलैयाको अवधारणालाई साकार पार्न महानगरीय परिकल्पनाका साथ अल्पकालिन तथा दीर्घकालिन विकासका योजनाहरु मार्फत **"समृद्धकलैया, सुखी कलैयावासी " र "कृषि र पूर्वाधार समृद्ध कलैयाको आधार"**निर्माण गर्ने ।

## उद्देश्य

१. उपलब्ध साधन, श्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शिघ्र आर्थिक पुनरुत्थान गर्दै दिगो स्थानीय पूर्वाधार विकासको माध्यमद्वारा नगरलाई आधुनिक र सुविधा सम्पन्न बनाउने ।

२. संक्रामक लगायत सबै प्रकारका रोग र विपद्बाट नगरवासीको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने ।

३. सङ्घीय संरचना र समावेशी लोकतन्त्रको अवधारणा अनुरुप नगरका सामाजिक एवं आर्थिक रुपमा पछाडि परेका महिला, दलित, अपाङ्ग तथा बालबालिकाहरुलाई आत्मनिर्भर हुने खालका बिभिन्न रोजगारीको लागी सीपमुलक तालिमहरुको माध्यमबाट विकास प्रक्रियामा मूल प्रवाहिकरण गर्ने ।

४. आधुनिक तथा स्थानीय सिप र प्रविधिको उपयोग गर्दै वातावरण मैत्री शासन पद्धतिको अवलम्बन गरी नगरलाई स्वच्छ सुन्दर र हराभरा बनाउने । योजनाहरु संचालनमा सरकारी, गैर सरकारी, सामुदायिक संस्था तथा उपभोक्ता समिति एवं सरोकारवाला निकायहरुको भूमिका स्पष्ट गर्दै सम्पूर्णलाई विकास प्रक्रियामा उत्तरदायी र जवाफदेही बनाउने ।

५. आधारभूत शहरी सेवाको पहुँच नपुगेका नयाँ वडाहरुमा शहरी सेवाको विकास र विस्तार गर्दै सघन शहरी विकास कार्यक्रम सँग आबद्ध गर्ने । नगरपालिका क्षेत्र भित्र एकीकृत जग्गा विकास, बस्ती बिकास र आवास बिहिन तथा आर्थिक रुपले बिपन्न, गरीब र सामाजिक बहिस्करणमा परेका नागरीकका लागी उपयुक्त, सुरक्षित र ब्यवस्थित आवासको ब्यवस्थालाइ निरन्तरता दिदै दलित नागरीकको आवास  ब्यवस्था गरीनेछ ।

६. नगर क्षेत्रमा पर्यटन पूर्वाधारको विकास एवं ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक धरोहरहरु, ताल, तलैया, मठ, मन्दिर, मस्जिद तथा पार्कहरुको संरक्षण र विकास गरी आन्तरिक र बाह्य पर्यटनको प्रर्वद्धन गर्ने ।

७. कर प्रशासनलाई सेवाग्राहीमैत्री बनाउन चुस्त, पारदर्शी र प्रविधि मैत्री बनाउँदै राजश्वका नयाँ क्षेत्रको पहिचान र करको दायरा विस्तार गरि राजश्व अभिवृद्धि गर्दै आत्मनिर्भर बनाउने ।

८. सार्वजनिक नीजि साझेदारीको अवधारणा अनुसारपूर्वाधार विकास जस्ता कार्यहरुमा लाभ, लागत र जोखिममा साझेदारी हुने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्ने ।

९. योजना तथा कार्यक्रमहरुको गुणस्तरीयता सुनिश्चित गर्न अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी बनाउने ।

## प्राथमिकता

१. शिक्षा, स्वास्थ्य र कृषि लगायत क्षेत्रको पुर्वाधारहरु विकास, विस्तार र संस्थागत सुदृढिकरण ।

२. कोरोनाको महामारी लगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नगरबासीलाई सुरक्षित राख्दै कोरोना भाईरस संक्रमणको रोकथाम तथा नियन्त्रण ।

३. कोभिड-१९ को कारण नगरको अर्थतन्त्रमा पर्न गएको प्रतिकूल प्रभाव न्यूनिकरण गर्न कृषि, व्यापार, व्यवसाय र साना उद्योगहरुको पुनरुत्थान ।

४. नगरबासीका लागि काम र रोजगारीको अवसरमा बृद्धि गर्न सहयोगी संस्था सँगको समन्वयमा सुलभ ब्याजदरमा ऋणको व्यवस्था गर्ने ।

५. सूचना प्रबिधिको बिस्तार, गुणस्तरीय तथा पहुँचयुक्त सार्वजानिक सेवा तथा उत्तरदायित्व र पारदर्शीताको सुदृढीकरण ।

६. उप-महानगरपालिकाद्वारा स्वीकृत भई कार्यान्वयनमा रहेका बहुबर्षीय आयोजना तथा कार्यक्रमहरुको निरन्तरता ।

७. कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना मार्फत रोजगारी सृजना गर्नुका साथै सीप विकास तालिमद्वारा स्वरोजगार बनाई गरिबी न्यूकरणको लागि एउटा स्वरोजगारकोष खडा गरी संचालनमा ल्याउने ।

## क्षेत्रगत नीतितथा कार्यक्रमहरु

### १ पूर्वाधार सम्बन्धीः

१.१ आम सेवाग्राहीहरुलाई सेवा प्रदान गर्ने र जनताको सबैभन्दा नजिक रहेको सेवा प्रदायक वडा कार्यालयहरुको आफ्नो भवन नभएका वडा कार्यालयहरुको भवन निर्माणको कार्यलाई निरन्तरता दिदैं आगामी आ.व.मा पनि थप वडा कार्यालयहरुको भवन निर्माणको लागि आवश्यक स्रोत विनियोजन गरिनेछ । साथै हाल संचालनमा रहेका वडा कार्यालयहरुका भवनलाई आवश्यकता अनुसार मर्मत सम्भार गरी सुबिधा सम्पन्न सहित आधुनिक सूचना प्रबिधि मैत्री र अपाङ्ग मैत्री बनाउन आवश्यक स्रोतको ब्यवस्थान गरिनेछ ।

१.२ भविष्यको पुस्ताको आवश्यकता, नगरको पहिचान तथा विकासको दीर्घकालनी सोंच सहित यस उप-महानगरपालिकामा नयाँ निर्माण तथा बिस्तार गरिने सडकको चौडाइ कम्तिमा २० फिट कायम गर्ने नीति र बस्तीहरुमा गरिदै आएको ढलान कार्यलाई निरन्तरता दिईनेछ । श्रोत र साधनको अधिकतम सदुपयोगको लागि आगामी आ.व.मा कम्तीमा १३ फुट चौडाइ हुने बाटो सुनिश्चित गर्ने कार्य कडाईका साथ गरिनेछ ।

१.३ निर्मित पूर्वाधारको मर्मत संभारको लागि मर्मतसंभार कोषको स्थापना गरिएको छ । उक्त कोषबाट सािवकमा निर्मित संरचनाहरुको मर्मत संभार तथा तत्काल गर्नु पर्ने मर्मत संभारको कार्यलाई अझ प्रभावकारी ढंगले संचालन गरिनेछ ।

१.४ उपभोक्ता समितिहरुको माध्यमबाट गरिने सबै बिकास निर्माण कार्यमा लाभान्वित समुदायबाट ४ प्रतिशत श्रमदानको सुनिश्चितता भई नगद रकम बैक दाखिला भए पछि मात्र ९६ प्रतिशत रकम नगरपालिकाबाट व्यवस्था गरिने नीतिलाई निरन्तरता दिईनेछ ।

१.५ टोल बस्तीमा जाने नयाँ ग्रामिण सडकहरु कम्तिमा २० फिट चौडाइको मापदण्ड तोकिएकोले बाटोको Alingment मा पर्ने जग्गामा जग्गाधनीहरुबाट निःशुल्क जग्गा उपलब्ध हुने सुनिश्चितता खोजिनेछ ।

१.६ सुरक्षित तथा ब्यवस्थित शहरीकरणको लागि नक्सापास कार्यलाई अभियानकै रुपमा संचालन गरिनेछ । नक्सापास दस्तुर तथा दण्ड जरिवानाबापतको रकमलाइ सामायिक बनाइने छ । अनुमति नलिई बिगतमा निर्मित घरहरुको नगरपालिकाले तोके बमोजिमको जरिवाना दस्तुर लिई अभिलेखीकरण गर्ने कार्यलाइ निरन्तरता दिइनेछ ।

१.७ सवै बस्तीहरुमा खानेपानी तथा सरसफाईजन्य क्रियाकलापहरुलाई उच्च प्राथमिकता सहित संचालनमा रहेकालाई निरन्तरता दिइनेछ । साथै ओभरहेड टंकी निर्माण कार्यलाइ निरन्तरता दिदैं नयाँ ओभरहेड टंकी निर्माणको लागी दातृ निकायहरु सँग साझेदारीमा सहकार्य गरीनेछ ।

१.८ शौचालयको प्रयोगलाई ब्यापक बनाउन सार्वजानिक शौचालय निर्माण तथा प्रयोग र निजी शौचालयको प्रयोगलाई अनिवार्य गर्दै वायु, जल, जमिन प्रदुषण नियन्त्रण गर्ने उपायहरु अवलम्बन कार्यलाई  निरन्तरता दिइनेछ । यस नगरलाई स्वच्छ र सफा बनाउने , नागरिकहरुलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउने र सबै घरमा शौचालय प्रयोगको शुनिचितता कायम गरी क्रमश : नमूना सरसफाई तथा स्वच्छ समुदाय घोषणा गरीनेछ ।

## २. आर्थिक विकासः

२.१ कलैया उप-महानगरपालिका मुलतः कृषि तथा पशुपालनमा आधारित रहेकाले कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार अवसर सृजना लागि विशेष प्राथमिकताका साथ कार्यक्रमहरु संचालन गरिनेछ ।

२.२ संभाव्यता पहिचान गरी प्रत्येक वडामा उखु पकेट, तरकारी पकेट, अर्गानिक तरकारी पकेट, बाख्रा पकेट, दुध पकेट जस्ता कम्तिमा एक कृषि उपजको पकेट क्षेत्रको अवधारणा अवलम्बन्न गरिनेछ ।

२.३ "**घरमै बसी कमाइन्छ नोट, पोखरी खनी डिलमा लगाऔं केरा र मेवाको बोट"** भन्ने नारालाइ सार्थक बनाउन उपयुक्त वडा छनौंट गरी केरा र मेवा खेतीको थालनी गरीनेछ।

२.४ कम्तिमा ५ कठ्ठा जग्गामा केरा, मेवा, कागती लगाउने कृषकलाई प्रति कठ्ठा रु २००।- का दरले २ वर्ष सम्म अनुदान, ५० वटा भन्दा बढी फलफुलका बोट लगाएका कृषकलाई प्रतिबोट रु ५० का दरले २ वर्ष सम्म नगद अनुदान रकम उपलब्ध गराउन **अनुदान कोषको** व्यवस्था गरिएको छ ।

२.५ "**कृषि पेसाको सम्मान - कृषकलाइ अनुदानै अनुदान"** भन्ने मूल नारालाइ स्थापित गर्न उन्नत जातको मूल बिउ (धान, गहु र मकै)लाइ ५० प्रतिशतअनुदानमा बितरण गरीनेछ साथै बाली नाली संरक्षण गर्न स्प्रेयर टंकी सत प्रतिशत अनुदानका साथै किटनासक औषधी ५० प्रतिशत अनुदानमा उपलब्ध गराइनेछ । साना सिंचाई (स्यालो बोरीङ्ग, डिजल पम्प सेटर इलेक्ट्रीक पम्प सेट कार्यक्रम मा तोकिए बमोजिमको अनुदान सहयोग उपलब्ध गराइने छ ।

२.६ समुदायमा आधारित कृषि उपजको बजारीकरणको लागि कृषि विकास कार्यक्रमबाट सहयोग उपलब्ध गराइने कार्यलाइ निरन्तरता दिइएको छ ।

२.७ पशु विकासको लागि विशेष लक्षित कार्यक्रम, पशु बिमा कार्यक्रम, भ्याक्सिनेसन, उन्नत जातको सिमेन र मागमा आधारित प्राविधिक सेवा सुलभ एवं सहज बनाइने छ ।

२.८ पशुपालनलाई व्यवसायीक बनाउन खोर सुधारको लागि २० भन्दा बढी बाखापालन गर्ने किसानको व्यवसाय दर्ता गरी व्यवसायीकताको आधारमा नगद प्रोत्साहन प्रदान गरिनेछ । र साथै पशुपालक किसानहरुलाइ पोषिलो घासको बिउ सत प्रतिशत अनुदानमा बितरण गरीनेछ ।

२.९ उन्नत जातका गाई वा भैसी पालन व्यवसाय मार्फत रोजगार एवं स्वरोजगार प्रवर्द्धन गर्न कम्तिमा ५ वा सो भन्दा बढी उन्नत जातको दुहुनो गाई वा भैंसी पालक किसानलाई भकारो सुधारको लागी रु ५००० नगद प्रोत्साहन उपलब्ध गराइने छ ।

२.१० सहकारीको प्रवर्द्धन गरी कृषि एवं पशु पालनमा सहयोग पुऱ्याइनेछ । सहकारी सस्थाहरुको क्षमता बिकासको लागि आवश्यक बजेटको ब्यवस्था गरिएको छ ।

२.११ पशु बिमा कार्यक्रमलाइ उच्च प्राथमिकताका साथ संचालन गरिने छ । सो को लागि कृषकहरुलाई पशुविमाको रकम सहज रुपमा भुक्तानी उपलब्ध गराउन बिमा कम्पनी, कृषक तथा नगरपालिका बीच पशुबिमा साझेदारी कार्यक्रम संचालन गरिने छ ।

२.१२ प्रत्येक वडामा संचालन भइ रहेको कृषि र पशु व्यवसायमा आधारित सहकारीको विकास कार्यलाइ निरन्तरता दिइनेछ ।

२.१३ यस यपमहानगरपालिकाका कृषकहरुको सूची अनलाइन प्रणलीमा ब्यवस्थापन गरी स्मार्ट कृषक कार्ड बितरण गरी कृषकहरुको सेवा प्रवाहलाइ सुढृढ र सेवा प्रभावकारी बनाइनेछ ।

**३. सामाजिक सेवाः**

३.१ आगामी आ.ब. मा कोरोना माहामारी लगायत संक्रामक तथा अन्य रोगबाट सिर्जनाहुने स्वास्थ्य जोखिमको न्यूनिकरण गर्न रोगको रोकथाम, नियन्त्रण तथा उपचारकालागि गुणस्तरीय स्वास्थ्य सेवा, पूर्वाधार बिकास, औषधी एवं उपकरण, स्वास्थ्य कर्मिहरुको सेवा बिस्तार, आइसोलेसन केन्द्रको स्थापना र संचालन, स्वास्थ्य कर्मीहरुको सुरक्षा उपकरणहरुको ब्यवस्था, स्वास्थ्य कर्मीहरुलाई उत्प्रेरणा र प्रोत्साहनको ब्यवस्थालाई उच्च प्राथमिक्ता दिईनेछ ।

३.२ स्वास्थ सेवाको गुणस्तर सुधारको लागि महिला स्वंम सेबिकालाई साबिकमा दिदै आएको मासिकरु ५००। प्रोत्साहन रकमलाइ सत प्रतिशत बृद्धि गरी रु १००० निरन्तरता दिइने छ ।

३.३ स्वास्थ्य संस्थाहरुको भवनहरुको मर्मत तथा सुधार (पानी, बिद्युत तथा शौचालय) जस्ता अत्यावश्यक सुबिधा उपलब्ध गराइने छ । वाल मैत्री तथा अपाङ्ग मैत्री संरचना निर्माण गरीनेछ ।

३.४ संघीय सरकार र प्रदेश सरकारले सुचिकृत गरेका निशुल्क रुपमा बितरण गरीने औषधीहरु नियमित रुपमा उपलब्ध गराइने कार्यलाइ निरन्तरता दिइएको छ ।

३.५ सुरक्षित मातृत्वको लागि गर्भवति तथा सुत्केरी महिलाहरु लक्षित एम्बुलेन्सको सुलभ ब्यवस्था गरिनुको साथै सुनौला हजार दिनलाई लक्षित गरी बहु क्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ । भौतिक संरचना भएका स्वास्थ्य चौकीहरुमा सम्बन्धीत वडा कार्यालय संगको समन्वयमा बर्थिङ्ग सेन्टर संचालन गरीनेछ ।

३.६ सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु मर्जर एवं शिक्षक तालिमलाई विशेष प्राथमिकता साथ संचालन गरिनेछ ।

३.७ प्रत्येक वडामा एउटा अगुवा (लिडिङ) विद्यालय तोकी सो बि**द्यालय**को संयोजनमा अन्य विद्यालयहरु बीच विद्यार्थी अन्तरक्रिया तथा शैक्षिक गतिविधि आदान प्रदान कार्यक्रम संचालनगरिनेछ ।

३.८ शिक्षण गुणस्तर सुधारको लागि विद्यालयमा पठनपाठनको निरन्तरता, नियमितता, शिक्षकहरुको हाजिरी, नियमित उपस्थिति आदिमा सुधारको लागि वडा समितिका पदाधिकारीहरु, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकहरु बीच नियमित अन्तरक्रियाको लागि मासिक वैठकलाइ निरन्तरता दिइएको छ ।

३.९ विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्ड वाल जस्ता शिक्षाको गुणस्तरमा सुधारको लागि आधारभुत पूर्वाधारमा लगानी बढाइने कार्यलाइ निरन्तरता दिइएकोछ ।

३.१० शैक्षिक गुणस्तर सुधारको लागि नगरभित्रका विद्यालयबाट उत्कृष्ठ विद्यालय एवं शिक्षक र सामुदायीक बिधालयमा अध्ययनरत बिधार्थी छनौट गरी पुरस्कृत गराउने कार्यको थालनी गरिने छ ।

३.११ नगरभित्र संचालन हुने सवै खेलकुदको लागि "**मेयरकप खेलकुद**" कार्यकम संचालन गर्न शिक्षा तथा खेलकुद शाखाबाट वार्षिक कार्यकम बनाई खेलकुदको विकासमा सहयोग पुऱ्याइनेछ ।

३.१२ पर्खाल लगाइएको तथा गेटको व्यवस्था भएका सामुदायिक आधारभूत बिद्यालयहरुलाइ स्थाय प्रकृतिका बालमैत्री खेलमैदानको लागि सबै वडामा पर्ने गरी २७ वटा बिद्यालयमा प्रति बिद्यालयका हिसावले उपयुक्त दरले अनुदान उपलब्ध गराइने छ । यस्ता सामग्रीहरु सबै बिद्यालयमा एकैनासको तथा सुरक्षित र गुणस्तरीय बनाउनको लागि शिक्षा समितिको सिफारिसमा प्रतिस्पर्धात्मक तवरबाट गराइने छ ।

३.१३ प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट पठन पाठन संचालन कार्यलाइ निरन्तरता दिइएको छ ।

३.१४ आर्थिक रुपमा बिपन्न दलित तथा कोभिड माहामारीका कारण वैदेशिक रोजगार गुमाएका र वैदेशिक रोजगारमा जान नपाएका युवाहरुलाई सीप विकासको तालिम दिई तालिम प्राप्त युवाहरुलाई लक्षित गरी सुपथ व्याजदरमा लगानी उपलब्ध गराउने र युवाहरुलाई रोजगारीयुक्त बनाईनेछ । यसका लागि रोजगार कोष खडा गरी त्यससँग सम्बन्धित कार्यबिधी तयार गरी लागु गरिनेछ ।

३.१५ नेपाल सरकार तथा सरोकारवाला संस्थाद्वारा सञ्चालित बालहेल्प लाइन १०९८ सँग बालबालिकाको संरक्षण तथा प्रवर्द्धनको लागि सहकार्य गरी कार्यान्वयन गरिनेछ ।

३.१६ कलैया उपमहानगरपालिकाका जेष्ठ नागरिकहरुलाई प्रत्येक वर्ष निशुल्क आँखा शिविर संचालन गरिनेछ । साथै महिलाहरुको आङ खस्ने समस्यालाई उपयुक्त उपचारको व्यवस्था मिलाईने छ ।

३.१७ प्रत्येक वडाको एक एक सामुदायिक विद्यालयमा बाल मैत्री कक्षा संचालनको व्यवस्था मिलाईने छ र यस उपमहानगरपालिका भित्रका १४ वर्ष मुनिका बालबालिकाहरुलाई श्रममा लगाईने छैन ।

## ४. बन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन

४.१ वातावरण संरक्षणको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

४.२ सार्वजनिक जग्गाहरु, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ ।

४.३ पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गराई वातावरण मैत्री बनाइने छ ।

४.४ विपद् व्यवस्थापन कार्यविधि मापदण्ड बमोजिम एकद्वार माध्यमबाट विपद्मा परेकालाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गरिनेछ । वडा एवं बस्ती स्तरमा विपद् व्यवस्थापनको लागि नगर स्तरीय विपद् व्यवस्थापन समिति गठनगरी बिपद न्यूनिकरण कार्यमा जोड दिइनेछ ।

४.५. प्रत्येक वडामा बहुउदेश्यीय नर्सरी सार्वजनिक निजी साझेदारीमा संचालन गरी बृक्षारोपन कार्यलाइ प्रभावकारी बनाइनेछ ।

४.६ न.पा. क्षेत्र भित्रका अतिक्रमण गरिएका सार्वजनिक जग्गाहरुको अभिलेख तयार गर्नको लागि त्यस्ता जग्गाहरुको नापजाँच र सिमाङ्कन गरी गैह्र कानूनी रुपमा घर, टहरा बनाई निजी प्रयोजन गरीरहेकालाई हटाई पुनः सार्वजनिक गरी न.पा.को मातहतमा लिई वृहत्त बृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा लगिनेछ र वडा नं. १४ को भौरा टोल स्थित पासाहा खोलाको पश्चिम किनारमा रहेको ३३ बिघा जग्गालाई तारबार गरी डम्पिङ साईट बनाई सो मा वृक्षारोपण कार्यलाई विस्तार रुपमा लागु गरिनेछ ।

४.७ विपद् न्यूनीकरणका लागि विभिन्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

४.८ बिपद् ब्यवस्थापन पूर्वतयारी स्वरुप अत्यावश्यक सामग्रीहरु तैयारी अवस्थामा संचय गरी बिपदमा परेकालाइ तत्काल उपलब्धगराइनेछ ।

४.९ डम्पिङ्ग साइट निर्माण कार्यको थालनी यसै आ.ब. बाट शुरु गरीएकोले उक्त कार्यलाइ निरन्तरता दिइनेछ ।

## ५ सुशासन तथा संस्थागत विकासः

५.१ नगर तथा वडाबाट बितरण गरीने सार्वजानिक सेवा प्रवाहलाइ थप प्रभावकारी र व्यवस्थि बनाउन कम्प्युटर प्रणलीमा आबद्ध गर्दै सूचना प्रविधी मैत्री नगर निर्माण गर्ने नीतिलाइ निरन्तरता दिइनेछ । नगरका सबै प्रकारका सूचनाहरु नगरपालिकाको अधिकारीक वेब साइट www.kalaiyamun.gov.np मार्फत अनिवार्य रुपमा प्रवाह गरीनेछ ।

५.२ उप-महानगरको प्रत्येक वडाबाट भएको विकास निर्माण, सेवा प्रवाह र राजश्व संकलन समेतका आधारमा उत्कृष्ट वडालाई पुरस्कार प्रदान गरीनेछ ।

५.३ कर्मचारीको क्षमता बिकास, अनुशासन, बृत्ति विकासमा जोड दिइ कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ । कर्मचारीको सरुवालाइ अनुमान योग्य पारदर्शी र न्यायोचित बनाइनेछ ।

५.४ वडास्तरमा रहेका मेलमिलाप केन्द्रको सुदृढीकरणलाइ निरन्तरता दिइनेछ ।

५.५ राजस्व संकलन सुधारको लागि कार्यक्रम संचालन गरिने छ । कम्प्युटराइज्ड बिलिङ प्रणाली अवलम्बन गरिने छ । राजस्वका नयाँ क्षेत्र पहिचान गरिनेछ । वडा तथा नगरबाट सेवा सुविधा उपलब्ध गराउदा सेवाग्राहीले कानुन बमोजिम दाखिला गर्नुपर्ने कर दस्तुर बुझाएको प्रमाण माग गरिने अभ्यासको थालनी गरिने छ । वडागत राजस्व संकलनको आधारमा वडाबाट माग भएका कार्यक्रममा थप रकम उपलब्ध गराइने छ साथै आगामी बजेट तर्जुमा गर्दा राजस्व संकलनलाई बजेट बितरणको मूल आधार बनाइने छ ।

५.६ यस उप-महानगरपालिकाको सबै नागरीकहरुले आफ्नो अधिकार मोबाइल एप्सको माध्यमबाट सर्वसाधारणले सरल र सहज रुपमा सेवा प्राप्त गर्ने, आफुसंग सम्बन्धित सूचनाको उपयोग गर्न सक्ने, स्थानीय सरकारको बारेमा आवश्यक जानकारी लिइ आफ्ना गुनासा र समस्याहरु गर्न सक्ने व्यवस्थाका लागी जनताका लागी सरकार भन्ने एप्स संचालन गरी अझै प्रभावकारी बनाइने छ ।

५.७ कर्मचारीको व्यवस्थापन गर्न गर्नका लागी बिशिष्टिकृत कानुनको रुपमा कर्मचारीहरुको सेवा शर्त र सुबिधाहरु उल्लेख गरी कलैया उपमहानगरपालिका कर्मचारी सेवा सम्बन्धि ऐन र नियमावली निर्माण गरी कार्यान्वयन गरीनेछ ।

५.८ उपभोक्ता समिति मार्फत गरिने नगर तथा वडास्तरीय योजनाहरु कार्यान्वयनको लागि कार्यादेश असोज मसान्त भित्र दिनु पर्ने ब्यवस्था मिलाईने छ । हरेक योजना स्थलमा बिस्तृत बिवरण सहितको होर्डिडबोर्ड राख्ने कार्यलाइ अनिवार्य बनाइने छ ।

५.९ वडाभित्र संचालन हुने योजना कार्यान्वियनलाई प्रभावकारी बनाउन सबै वडासदस्यहरुको अनिवार्य उपस्थिति वा सहमतिमा उपभोक्ता समिति गठन गरिने छ साथै नियमित अनुगमनकोलागि वडा सदस्यलाई जिम्मेवार बनाइने छ । सो को लागि वडाको सम्झौता सिफारिस पत्रमा अनुगमनको जिम्मेवारी तोकिएको सदस्यको नाम किटान गरिने छ । वडा स्तरीय आयोजनाको भुक्तानी वडा कार्यालयको सिफारिसमा मात्र गरिनेछ ।

५.१० कुनै कार्यक्रम वा आयोजना संसोधन गर्नु परेमा कारण सहित वडा समितिको निर्णय सिफारिसमा सम्झौता अवधि अगाबै वडा समितिको बैठकको निर्णयबाट प्रस्तावित बैकल्पिक योजनाहरु मध्येबाट मात्र गर्नुपर्नेछ । सो को अनुमोदन नगर सभाबाट हुनु पर्नेछ ।

५.११ लक्षित कार्यक्रमहरु बिषयगत शाखाहरुको सयोजनमा संचालन हुनेछ । जसलाई नगरस्तरमा संचालन गर्दा नगरप्रमुख वा निजले तोकेको पदाधिकारीले र वडास्तरमा वडाध्यक्ष वा निजले तोकेको सदस्यले अनुगमन र सुपरीबेक्षण गर्नेछ । लक्षित कार्यक्रम संचालन गर्दा सबै वडाको जनता लाभान्वित हुने गरी एकीकृत रुपमा संचालन गरिने छ ।

५.१२ ई गभर्नेन्स प्रणलीको बिकास गर्न आवश्यक पुर्वाधारहरको निर्माण एंव सो को प्रभावकारी रुपमा संचालन गरीनेछ । अभिलेख तथा सूचना प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक सफ्टवेयर प्रणाली जडान, अभिलेख अद्यावधिक तथा न.पा.को वेवसाइट अद्यावधिक गरिने छ ।

५.१३ कार्यालयमा गुनासो पेटिका, गुनासो सुनुवाई संयन्त्र एवं डिजटिल नागरिक वडापत्रको व्यवस्था गरिनेछ । उक्त अभ्यासलाई वडातह सम्म संस्थागत गरिनेछ । सामाजिक, आर्थिक, भौतिक विकास, मूर्त अमूर्त सम्पदा संरक्षण, वातावरणीय सुधार शहरी सुशासनको बिषयमा लामो अध्ययन अनुसंधान वा कार्य गरी उपमहानगरमा विशिष्ट योगदान दिने ब्यक्ति वा संस्थालाइ प्रत्येक बर्ष नगर सभाका दिन सम्मान पत्र र नगद सहित "**मेयर अवार्ड**" प्रदान गरीनेछ ।

५.१४ यस उप-महानगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यक्ता र बिशिष्टता समेतलाई ध्यानमा राखी अगामी आ.ब.मा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो का आधारमा बिषयगत शाखा वा माहाशाखा रहेको संगठन संरचना कायम गरिनेछ । यस्तो संरचनामा वडाको संगठन संरचना समेत समावेश भएको हुनेछ ।

५.१५ विभिन्न शाखामा स्वीकृत दरबन्दी बमोजिम उप-महानगरपालिकाबाट पारित करार सेवा निर्देशिका बमोजिम प्राविधिक जनशक्ति स्वच्छ प्रतिस्पर्धाको आधारमा भर्ना गरिनेछ ।

५.१६ वार्षिक खरिद गुरुयोजना तयारी गरी सोको आधारमा मात्र खरिद व्यवस्थापन गरिनेछ ।

५.१७ लक्षित कार्यक्रम, सीपमुलक तालिम जस्ता कार्यक्रम यस उप-महानगरपालिकाबाट निर्धारित ढाँचा तथा मापदण्डमा संचालन गरिनेछ ।

५.१९ जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता विकासको लागि क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

५.२० न्यायिक समितिको क्षमता अभिबृद्धिको लागि कार्यक्रम संचालन गरिने छ ।

५.२१ नगरमा सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण आदि मार्फत सुशासनमा जोड दिईनेछ ।

५.२२ गैर सरकारी संस्था, दातृनिकाय वा साझेदार सस्थाको कार्यक्रम नगरपालिकको स्वीकृति बिना नगरपालिकामा कार्यान्वयनको अनुमति दिइने छैन । साझेदार संस्थाहरुको सहयोगलाई प्रभावकारी बनाउन तथा आवश्यक समन्वयुको लागि गतोमिनेछ ।

५.२३ आगामी आ.ब.मा नगर प्रोफाईललाई अद्यावधिक गरिनेछ । नगरको बिस्तृत आवधिक योजना, नगरको पर्यटन र सडक यातायात गुरुयोजना आदि तयार गरी योजनाबद्ध ढंगले बिकास प्रकृया अगाडि बढाइने छ ।

सभासदस्यज्युहरु,

अव म आ.ब. २०७७/२०७८ बैशाख मसान्त सम्मको यथार्थ आय/ब्यय प्रस्तुत गर्न अनुमती चाहन्छु ।

## आ.ब.०७७।०७८ को बैशाख मसान्त सम्मको यथार्थ आय बिबरण

चालु आ.ब.०७७।०७८ मा आन्तरिक आय तर्फ रु. २,७०,०३,०९३।०१ नेपाल सरकार समानिकरण अनुदान रु २८,६६,००,०००।००, नेपाल सरकार शशर्त अनुदान रु. ४४,४४,८६,६००।००, प्रदेश सरकार समानिकरण अनुदान रु ६७,६८,०००।००, प्रदेश सरकार शशर्त रु. ०, प्रदेश सरकार विषेश अनुदान रु. ५०,००,०००।००, प्रदेश सरकार समपुरक अनुदान रु. ५०,००,०००।००, संघिय सरकार राजस्व बाँडफाड रु. १२,०९,११,६९१।८५, प्रदेश सरकार राजस्व बाँडफाड रु. ४०,८१,७००।००, जनसहभागिताबाट रु. १०,००,०००।००, गत वर्षको अल्या रु. ३८,००,६२,५५१।८२ गरी कुल जम्मा रु. १,२८,०९,१३,६३६।६८ आय प्राप्त भएकोमा, सो बाट चालु खर्च तर्फ रु. १८,८१,६७,५२५।१० र पुंजीगत तर्फ रु. ३५,४५,७९,४११।५०, खर्च भइ बाकी रकम रु. ७३,८१,६६,७००।०० मौज्दात रहेको छ ।

यसै सन्दर्भमा यस उपमहानगरपालिकाको आर्थिक सामाजिक बिकास एवं सेवा प्रवाहमा संलग्न सबै कर्मचारीहरु, नगर प्रमुखज्यू, नगर उप-प्रमुखज्यू, वडा अध्यक्षज्यू एवं नगरसभाका सदस्यज्यूहरु, प्रति उपमहानगरपलिकाको सातौ नगरसभाको यस अवसरमा धन्यवाद ज्ञापन गर्दछु । यसैगरी यो बजेट नीति तथा कार्यक्रम तर्जुमामा संलग्न कर्मचारीहरु प्रति कृतज्ञता ज्ञापन गर्दै नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनमा सबै पक्षको सदा झै सक्रिय सहयोगको अपेक्षा एवं विश्वास राखेको छु ।